# नेपाल फाईनान्स लिमिटेडको
# ३१ औं बार्षिक साधारण सभाको
# काम कारवाहीको विवरण
# (माईन्युट)

## १. सभाको वैधानिकता :

नेपाल फाईनान्स लिमिटेडको मिति २०८०/०८/२८ गते बिहीबार (१५ डिसेम्बर, २०२३) मा बसेको संचालक समितिको ३७८ औं बैठकको निर्णयानुसार कम्पनी ऐन, २०६३ र नेपाल फाईनान्स लिमिटेडको प्रबन्धपत्र तथा नियमावली बमोजिम ३१ औं बार्षिक साधारणसभा २०८० साल पौष २० गते शुक्रवार (५ जनवरी, २०२४) हुने निर्णय भई मिति २०८०/०८/२९ गतेको अभियान राष्ट्रिय दैनिकमा सार्वजनिक सूचना प्रकाशित गरी पुन: मिति २०७९/०९/१३ गतेका दिन कारोबार राष्ट्रिय दैनिकमा दोस्रो पटक सूचना समेत प्रकाशित गरी यस वित्तीय संस्थाको ३१ औं वार्षिक साधारण सभा वित्तीय संस्थाको सञ्चालक समितिका अध्यक्ष प्रा.श्री हिरेन्द्रमान प्रधानज्यूको सभापतित्वमा निम्न उल्लेखित मिति, स्थान र समयमा बसी देहायका विषयहरु उपर छलफल भै देहाय बमोजिम निर्णय गरियो ।

## २. सभाको मिति, स्थान र समय :

| | |
|---|---|
| मिति | : २०८० साल पौष २० गते (तदनुसार ५ जनवरी २०२४) शुक्रवार । |
| स्थान | : होटल एल्लो प्यागोडा, कान्तिपथ, काठमाडौं (माछापुच्छ्रे हल) |
| समय | : विहान ११:०० बजे । |

## ३. सभाको सूचना :

कम्पनी ऐन २०६३ को दफा ६७ बमोजिम संस्थाको ३१ औं बार्षिक साधारणसभाको सूचना तथा संचालक समितिको तर्फबाट प्रस्तुत हुने प्रतिवेदन एवं वित्तीय विवरण समेत शेयरधनीहरुले संस्थामा उपलब्ध गराएको ठेगाना (घर तथा इमेल) मा पठाइएको तथा संस्थाको केन्द्रिय कार्यालयबाट प्राप्त गर्न सकिने व्यवस्था मिलाईएको थियो । शेयरधनीहरुको सुविधालाई ध्यानमा राखी संस्थाको वेभसाईट www.nepalfinance.com.np बाट पनि जानकारी लिन सकिने व्यवस्था मिलाईएको थियो ।

## ४. छलफलको विषयहरु :

**(क) साधारण प्रस्तावहरु:**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने समग्र वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरिक्षण प्रतिवेदन सहितको आ.ब. २०७९/०८० को वासलात, २०७९/०४/०१ देखि २०८०/०३/३१ सम्मको नाफा-नोक्सान हिसाब तथा सोही अवधिको नगद्ध प्रवाह विवरण (संलग्न अनुसूचीहरु सहित) को छलफल गरी पारित गर्ने ।

Nepal Finance Limited
NEFINSCO Corporate Office Kathmandu
1

३. कम्पनी ऐन, २०६३ को दफा १११ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ अनुसार आ.व. २०८०/०८१ को लेखापरिक्षण गर्न लेखापरिक्षण समितिको सिफारिस अनुसार लेखापरिक्षकको नियुक्ति गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने । (वर्तमान लेखापरिक्षक एस.ए.आर. एसोसिएट्स, चार्टर्ड एकाउन्टेन्ट्स पुनः नियुक्त हुन योग्य हुनुहुन्छ ।)

**(ख) विशेष प्रस्तावः**

१. संस्थाले अन्य कुनै उपयुक्त बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (Merger) तथा संस्थाले अन्य कुनै उपयुक्त संस्थालाई प्राप्ति (Acquisition) गर्ने सम्बन्धमा संस्थाको चल-अचल सम्पत्ति र दायित्व तथा कारोबारको मुल्याङ्कन (Due Diligence Audit-DDA) गर्न मान्यता प्राप्त मुल्याङ्कनकर्ता नियुक्त गरी निजको पारिश्रमिक तोक्ने तथा संस्था गाभ्ने/गाभिने तथा एक्विजिशन गर्ने समभ्रदारीपत्र (Memorandum of Understanding) तर्जुमा गर्ने, हस्ताक्षर गर्ने, अन्तिम सम्भौता तयार पार्ने, हस्ताक्षर गर्ने लगाएतका गाभ्ने/गाभिने तथा एक्विजिशन गर्ने सम्बन्धी आवश्यक सम्पूर्ण प्रक्रिया पुरा गर्न संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने सम्बन्धी विशेष प्रस्ताव पारित गर्ने ।

**(ग) विविध ।**

**५. उपस्थिति :**

**५.१ कम्पनी ऐन, २०६३ को दफा ६८ अनुरुप उपस्थित सञ्चालकहरु**

| | | |
|---|---|---|
| १. | प्रा.श्री हिरेन्द्रमान प्रधान | अध्यक्ष |
| २. | श्री दिप्रश शाक्य | सञ्चालक |
| ३. | श्री राजन प्रजापती | सञ्चालक |
| ४. | श्री बिकेश शाक्य | सञ्चालक |
| ५. | श्री लक्ष्मी महर्जन | सञ्चालक |
| ६. | श्री रोजिना श्रेष्ठ | सञ्चालक |
| ७. | श्री आनन्दकृष्ण ताम्राकार | स्वतन्त्र सञ्चालक |

**५.२ आमन्त्रित व्यक्तित्वहरु**

| | | |
|---|---|---|
| १. | श्री रमेश नेपाल | कम्पनी रजिष्ट्रारको कार्यालय |
| २. | श्री श्याम बहादुर रावल | प्रभु क्यापिटल लि. |

**५.३ वित्तीय संस्थाका पदाधिकारीहरुको उपस्थिति**

| | | |
|---|---|---|
| १. | प्रमुख कार्यकारी अधिकृत | श्री उध्दबराज थपलिया |
| २. | कम्पनी सचिव | श्री बिष्णुप्रसाद गौतम |
| ३. | प्रबन्धक | श्री सागर प्रजापती |

Nepal Finance Limited NEFINSCO Corporate Office Kathmandu 2049

४. नायब प्रबन्धक — श्री चन्द्रशेखर खड्का
५. नायब प्रबन्धक — श्री मधु नेपाल
६. सहायक प्रबन्धक — श्री बासु के. सी.

## ५.४ शेयरधनीहरुको उपस्थिति

| क्र. सं. | विवरण | संख्या |
|---|---|---|
| १ | स्वयम् उपस्थित हुने शेयरधनीको संख्या | १९६ जना |
| २ | प्रतिनिधि पत्र मार्फत उपस्थित हुने शेयरधनीको संख्या | ७० जना |

जम्मा उपस्थित संख्याः २६६ जना
जम्मा उपस्थित कित्ताः ३७ लाख ९५ हजार ९ सय ८८.७७ कित्ता

## ६. गणपुरक संख्या कम्पनी ऐन, २०६३ को दफा ७३ अनुरुप)

| विवरण | कुल संख्या | जम्मा उपस्थिति | कुल शेयरको प्रतिनिधित्व |
|---|---|---|---|
| शेयरधनी संख्या “क” र “ख” समूह | ९,८९९ जना | २६६ जना | ५२.०४% |
| शेयरधनीहरुले ग्रहण गरेको शेयर कित्ता | ७२,९४,९६६.३४ | जम्मा उपस्थित शेयर कित्ताः ३७,९५,९८८.७७ | |

## ७. सभाको वैधानिकता र सभाको सभापतित्व

७.१ कम्पनी ऐन, २०६३ तथा संस्थाको नियमावली बमोजिम बार्षिक साधारणसभा बोलाइएको र कम्पनी ऐनको दफा ७३ को उपदफा (२) तथा वित्तीय संस्थाको नियमावलीको नियम ५ अनुसार साधारणसभाको गणपुरक संख्या बाँडफाँड भएको कुल शेयर संख्याको कम्तिमा ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तिमा ३ जना शेयरधनीहरु स्वयम् वा आफ्नो प्रतिनिधिद्धारा उपस्थिति हुनुपर्ने प्रावधान बमोजिम वित्तीय संस्थाको यस वार्षिक साधारणसभामा राखिएको शेयरधनीहरुको हाजिरी पुस्तिकामा उल्लेख भएका शेयरधनीहरुमध्ये स्वयम् उपस्थित शेयरधनीको संख्या १९६ जना र प्रतिनिधि (प्रोक्सी) मार्फत ७० जना गरी कुल २६६ जना शेयरधनीको ३७,९५,९८८.७७ कित्ता बराबरको उपस्थिती रहको र उक्त उपस्थिति कुल शेयर कित्ता ७२,९४,९६६.३४ को ५२.०४ प्रतिशत रहेकोले संस्थाको कम्पनी सचिवबाट साधारणसभाको गणपुरक संख्या पुगेको र प्रचलित कम्पनी कानून अनुसार भएको सभा वैधानिक भएको जानकारी गराई सभा बैधानिक भएको व्यहोरा समथर्नका लागि अनुरोध गरी सभामा उपस्थित शेयरधनी महानुभावहरुले सभा बैधानिक भएको घोषणा गर्दै सभा अगाडी बढाउन अनुमती प्राप्त भयो ।

Nepal Finance Limited NEFINSCO Corporate Office Kathmandu 2049

७.२ वित्तीय संस्थाको नियमावलीमा व्यवस्था भए बमोजिम यस सभाको सभापतित्व सञ्चालक समितिका अध्यक्षज्यू बाट हुने कम्पनी सचिवले जानकारी गराउदै बिहान ११:०५ बजे अध्यक्ष प्रा. श्री हिरेन्द्रमान प्रधान ज्यूको सभापतित्वमा संस्थाको ३१ औं बार्षिक साधारणसभा शुरु गर्न कम्पनी सचिवलाई सभापतिज्यूबाट निर्देशन भयो ।

७.३ सभापति ज्यूको अनुमतिले सञ्चालक श्री दिप्रश शाक्यले स्वागत मन्तव्य दिनुभयो ।

## ८. प्रतिवेदनको प्रस्तुति

८.१ सभाको प्रारम्भमा पूर्व निर्धारित छलफलको विषयसूची अनुसार आ.व. २०७९/०८० को सञ्चालक समितिको तर्फबाट तयार पारिएको अध्यक्षज्यूबाट प्रस्तुत वार्षिक प्रगति प्रतिवेदन साधारण सभा समक्ष राख्नुभयो ।

८.२ सभापतिज्यूको अनुमतिले संस्थाका प्रमुख कार्यकारी अधिकृतज्यूले सभा समक्ष नेपाल फाईनान्स लिमिटेडको लेखापरिक्षण प्रतिवेदन सहितको आ.ब.२०७९/०८० को वासलात, मिति २०७९/०४/०१ देखि २०८०/०३/३१ सम्मको नाफा नोक्सान हिसाव तथा नगद प्रवाहको विवरण, दायित्व तथा सम्पत्ति भएको हिसाब समेत छलफलको निमित्त सभा समक्ष प्रस्तुत गर्नुभयो ।

८.३ त्यसैगरी सभापतिज्यूको अनुमतिले कम्पनी सचिवले सभा समक्ष छलफल तथा निर्णयका लागि तयार पारि सूचना गरिएका साधारण तथा बिशेष प्रस्तावहरुलाई छलफलको लागि सभा समक्ष प्रस्तुत गर्नुभयो, साथै विविध अन्तर्गत छलफल तथा पारितका लागि कुनैपनि प्रस्तावहरु नरहेको समेत जानकारी गराउनु भयो ।

## ९. छलफलको लागि आह्वान र सहभागी शेयरधनी महानुभावहरु

९.१ साधारण सभामा निर्धारित प्रस्तावहरुको विषयसूची उपर छलफल गर्न सक्ने व्यवस्था कम्पनी ऐनमा भए अनुरुप बार्षिक साधारण सभामा प्रस्तुत भएका साधारण र विशेष प्रस्ताव बारे छलफलका लागि आ-आफ्नो मन्तव्य प्रकट गर्न र सो सम्बन्धमा कुनै प्रश्न तथा सुझाव भए जानकारी गराउन सभापतिज्यूले शेयरधनीहरु समक्ष अनुरोध गर्नुभए पश्चात् देहायका शेयरधनी महानुभावहरु छलफलमा सहभागी हुँदै देहाय अनुसारका जिज्ञासा, मन्तव्य तथा सुझावहरु व्यक्त गर्नु भएको थियो ।

Nepal Finance Limited
NEFINSCO
Corporate Office
Kathamndu
2049

**९.२ छलफलमा सहभागी भई सुझाव एवम् मन्तव्य राख्नु हुने शेयरधनी महानुभावहरुको नाम :**

१. श्री शत्रुघन श्रेष्ठ
२. श्री डमरु बल्लभ घिमिरे
३. श्री व्यास कुमार शर्मा
४. श्री सुदिप श्रेष्ठ
५. श्री ब्रह्मदेव शाक्य

**९.३ छलफलको लागि लिखित मन्तब्य माध्यमबाट सुझाव एवम् मन्तव्य राख्नु हुने शेयरधनी महानुभावहरुको नाम :**

१. श्री चन्द्र नारायण श्रेष्ठ
२. श्री नरसिंहलाल चंखु
३. श्री निरुपमा गुप्ता

**१०. छलफलमा सहभागी हुनेहरुको आ-आफ्नो विचार प्रस्तुतीकरण**

छलफलको क्रममा शेयरधनीहरुले बुँदागत रुपमा देहाय बमोजिम धन्यवाद तथा सुझाव, जिज्ञासा एवं मन्तव्य व्यक्त गर्नुभएको थियो ।

**१. सर्वसाधारण शेयरधनी श्री शत्रुघन श्रेष्ठ**

समयमै साधारण सभा गर्न सफल भएकोमा बधाई तथा धन्यबाद । संस्थाको नाफा घट्दो क्रममा देखियो । खराब कर्जा घटाउने रणनीति के रहेको छ ? साथै नगद लाभांश दिने अवस्थाको श्रृजना गर्नुपर्‍यो ।

**२. सर्वसाधारण शेयरधनी श्री डमरु बल्लभ घिमिरे**

समयमै साधारण सभा गर्न सफल भएकोमा संचालक ज्यु, प्रमुख कार्यकारी अधिकृत र व्यवस्थापन टिमलाई बधाई तथा धन्यबाद दिन चाहन्छु । तथापी आगामी साधारण सभा कार्तिक/मंसिर तिरै गर्नको लागि सुझाब दिन चाहन्छु । संस्थाको खराब कर्जालाई बुकमा मात्र Write-off गरी वासलातलाई clean गर्नुपर्नेमा सुझाब गर्न चाहन्छु । नेपाल राष्ट्र बैंकबाट वार्षिक प्रतिवेदन स्वीकृत गर्दाका बखतमा दिएका निर्देशनहरु समयमै कार्यान्वयन गरी पुनः यस्ता समस्याहरु नदोहोरिने गरी कार्य गर्न संचालक समिति र व्यवस्थापन चनाखो रहनुपर्ने सुझाब दिन चाहन्छु । अन्त्यमा सभाको सफलताको शुभकामना दिन चाहन्छु ।

Nepal Finance Limited
NEFINSCO
Corporate Office
Kathamndu
2049

**३. सर्वसाधारण शेयरधनी श्री ब्यास कुमार शर्मा**

संस्थाले गत आ.ब.मा कर्जा र निक्षेपमा प्रतिकुल समयको बावजुद पनि उल्लेख्य बृद्धि गर्न सफल भएकोमा धन्यबाद दिन चाहन्छु । नेटवर्थ बढाउन सफल हुनु भएकोमा धन्यबाद, पक्कैपनि खराब कर्जा असुल गरेर नेटवर्थ बढाउनु भएको होला, जुन अन्य बैंक वित्तीय संस्थाको तुलनामा धेरै राम्रो देखिन्छ । संस्थाको चुक्ता पूजीं पुर्‍याउन Capital Plan बनाई १ बर्षभित्रमा पुर्‍याउने गरी कार्य गर्नुहुन । कर्जा नोक्सानी व्यवस्था घटाएको, संचालन खर्च घटाएकोमा धन्यबाद तथा संस्थाको Financial Indicator हरु सन्तुलित नै रहेको पाए । Quality Lending बढाएर Provision cost घटाउनु हुन । साथै शेयर सदस्यहरुको चाहना प्रतिफलको रहने हुँदा खराब कर्जा व्यवस्थापन गरी NPA तल ल्याउने गरी कार्य गर्नको लागि सुझाब दिन चाहन्छु । साथै वार्षिक प्रतिवेदनमा लेखापरिक्षक प्रतिवेदन नेपाली भाषामा पनि प्रकाशित गर्ने व्यवस्था मिलाउनु हुन अनुरोध गर्दछु ।

**४. सर्वसाधारण शेयरधनी श्री सुदिप श्रेष्ठ**

संस्था राम्रो भएकोमा खुशी छु । खराब कर्जा घटाउनको लागि पहल गर्न सुझाब दिन चाहन्छु । आगामी बर्ष नै मुनाफा दिन नसक्ने देखिएतापनि सक्दो चाँडो मुनाफा पाउने आशा व्यक्त गर्दछु । आ. ब. २०७५/७६ मा करिब १०० प्रतिशत खराब कर्जालाई १२.१६ प्रतिशतमा ल्याएकोमा धन्यबाद । चुक्ता पूजीं पुर्‍याउने गरी कार्य गर्नुहुन ।

**५. सर्वसाधारण शेयरधनी श्री ब्रह्मदेव शाक्य**

अदालतमा विचाराधीन मुद्धाको छिट्टै टुगों लागोस भन्ने शुभकामना दिन चाहन्छु र यसका लागि आवश्यक पहलकदमी लिन ब्यवस्थापनलाई सुझाब गर्दछु । चुक्ता पूजीं पुर्‍याउने गरी कार्य गर्नुहुन । Merger/Acquisition मा जान आवश्यक देखिदैन, संस्था आफै सबल रुपमा अगाडी बढ्ने गरी कार्य गनुहुन समेत सुझाब दिन चाहन्छु ।

**१०.१ छलफलको क्रममा शेयरधनी महानुभावले स्वयम् आफै उपस्थित एवम् ईमेलको माध्यमबाट पेश गर्नुभएको लिखित मन्तव्यलाई निम्न बमोजिम प्रस्तुत गरिएको छ :**

**१. सर्वसाधारण शेयरधनी श्री चन्द्र नारायण श्रेष्ठ**

फाईनान्स कम्पनीहरुमध्ये सबैभन्दा चाँडो आज साधारण सभा सम्पन्न गर्न लागेकोमा धेरै–धेरै धन्यबाद व्यक्त गर्दछु । देशको विषम परिस्थितिमा पनि यस फाईनान्सले कारोबार बढाउन सकेको र आ. ब. २०७९/८० को संचित नोक्सानी २५ करोडबाट २१ करोडमा ल्याउन सकेकोमा धन्यबाद, तथापी वितरण योग्य नाफा धनात्मक हुनैपर्ने हुन्छ । कर्जा नोक्सानी गतबर्ष २० करोड थियो यस बर्ष १८ करोडभन्दा बढी रहेको छ । अन्त्यमा शुभकामना र यो लिखित मन्तव्य संस्थाको निर्णय पुस्तिकामा अभिलेख गरिदिनुहुन अनुरोध गर्दछु ।

Nepal Finance Limited
NEFINSCO
Corporate Office
Kathamndu
2049

**२. सर्वसाधारण शेयरधनी श्री नरसिंहलाल चंखु**

१. Annual Report को Performance र Balance Sheet को activities satisfactory मान्नुपर्छ ।

२. Retained Loss र Default Risk Produce भएकोले हालसम्म Dividend बाड्न सकेन । तथापी Impairment Charges, Loan loss Provision मा केही हदसम्म सुधार भएतापनि Operatiing Expenses अन्तर्गत Personnel Expenses र Other Operating Expenses, Depreciation & Amortization मा खर्च बृद्धि भएकोले Net Profit र EPS विगतभन्दा घटेको देखिन्छ, यसमा सुधार गर्नुपर्ने देखिन्छ ।

३. Deposit र Net Interest Incpme मा सुधारकोक्रम जारी छ ।

४. CD Ratio एवम् CRR Balance मा रहे अनुसार Deposit Mobilization, Fund Management मा ध्यान दिनुपर्छ भन्ने लाग्दछ ।

५. NPL मा केही सुधार भएतापनि अझै सुधारमा तदारुकता देखाउनुपर्छ । Assets Quality Maintain गर्न Assets Turnover मा जोड दिनुपर्छ । साथै Loan Recovery एवम् Risk Management Team ले आफ्नो क्षमतालाई प्रयोग गर्नुपर्दछ भन्ने लाग्दछ ।

६. NBA र NPA सम्बन्धी मुद्धा मामिला आपसी समझदारीमा टुंग्याएर समस्या समाधानको उपाय खोज्नुपर्दछ भन्ने लाग्दछ ।

७. आ. ब. २०८०/८१ को असोज मसान्तसम्मको Financial Figure ले Progress गरेको देखिन्छ ।

८. HR Motivation र System Management एवम् Good Governence लाई बिशेष महत्व दिएको देखिन्छ ।

९. अन्तमा, संस्थाको उन्नति र प्रगतीका कामना गर्दछु साथै यस सभामा प्रस्तुत गरिएका साधारण तथा बिशेष प्रस्तावहरुमा मेरो समर्थन रहेको अवगत गर्दछु ।

धन्यबाद ।

**३. सर्वसाधारण शेयरधनी श्री निरुपमा गुप्ता**

१. शेयरधनीहरुले अझपनि लाभांश नपाएकोले आगामी बर्ष लाभांशको अपेक्षा गरेका छौं ।

२. समय सापेक्ष र व्यवसायको बृद्धिसंगै खर्च बढ्नु स्वभाविक हो, तरपनि खर्चमा मितव्ययिता अपनाउनु हुन अनुरोध गर्दछु ।

३. बिक्री हुन नसकेको हकप्रद शेयर बिक्री गरी चुक्ता पूजीं पुर्‍याउने गरी पहल गर्न अनुरोध गर्दछु ।

४. मर्जरको विचार नगरी संस्थालाई सबल वित्तीय संस्थाको रुपमा स्थापित गर्नुहुनेछ भन्ने अपेक्षा राखेकी छु ।

५. आगामी बर्ष संस्थालाई प्रगतीपथ तर्फ डोर्‍याउन एवम् सबल र उत्कृष्टता तर्फ उन्मुख गर्न यहाँको रणनीति र लगानीका नीति के कस्तो रहेको छ ।

६. अन्त्यमा, संस्थाको उत्तरोत्तर प्रगतीको कामना सहित मेरो लिखित मन्तब्य यही टुंग्याउँछु, नमस्कार ।

Nepal Finance Limited NEFINSCO Corporate Office Kathamndu 2049

११. **छलफलका क्रममा शेयरधनीहरुले प्रकट गर्नु भएको जिज्ञासा, सुझाव एवं प्रश्नहरुको जवाफः**

छलफलका क्रममा शेयरधनी महानुभावहरुबाट व्यक्त भएका सुझाव, जिज्ञासा, धारणा, मन्तव्य तथा प्रश्नहरुको जवाफ सभाका सभापति प्रा.श्री हिरेन्द्रमान प्रधान स्वयम्ले तथा उहाँको अनुमतिबाट प्रमुख कार्यकारी अधिकृत श्री उध्दबराज थपलिया ज्यूले साधारण सभा समक्ष दिनुभएको जवाफ निम्नानुसार छ :

क) **अध्यक्ष प्रा.श्री हिरेन्द्रमान प्रधानः**

- छलफलका क्रममा आफ्नो अमुल्य सल्लाह एवम् सुझावहरुका लागि हृदयदेखि आभार प्रकट गर्दै आगामी दिनहरुमा समेत यस्तै सुझाव तथा मार्गदर्शनहरु निरन्तर प्राप्त भइरहने आशा व्यक्त गर्दछु । साथै संस्था यहाँहरुको सुझावलाई सदैव स्वागत गर्दछ ।
- यहाँहरुले वित्तीय विवरण र बार्षिक प्रतिवेदन नेपाली भाषामा छाप्ने जस्ता बिषयमा उठान गर्नुभएका बिषयहरुलाई आगामी साधारण सभा प्रयोजनको बार्षिक वित्तीय विवरणमा सुधार गर्नेछौं ।
- संस्थाको शेयर पूजीं चुक्ता नहुनुमा केही संस्थापहरुबाट हकप्रद शेयर राख्नको लागि कानूनी रुपमा अयोग्य रहेको कारणले बिक्री हुन नसकेको जानकारी गराउन चाहन्छु, तथापी बोलकबोलको प्रक्रियाबाट बिक्री गर्नको लागि नितीगत व्यवस्था अनुरुप प्रक्रिया गरिरहेको र वित्तीय अवस्था आदिको कारणले बिक्री हुन नसकेको जानकारी गराउँदै यहाँहरु समेतबाट आफै वा आफ्नो सम्बन्धमा रहेका व्यक्तिहरुलाई संस्थापक शेयर खरिद गर्नका लागि यसै सभा मार्फत आह्वान गर्दछु ।
- यसका साथै संस्थाले प्रयोगमा ल्याएको शेयर सदस्य बचत खाता मार्फत बचत परिचालन गरी संस्थाको व्यवसाय बृद्धिलाई सहयोग गर्न समेत यसै सभा मार्फत अनुरोध गर्न चाहन्छु ।
- संस्थाले संस्थागत सुशासन र नीतिगत काम कारबाहीको सम्बन्धमा शुन्य सहनशिलता अपनाई कार्य गरेको र हिजोको परिस्थिति र तितो यथार्थ हामी माझ रहेकोले नयाँ संचालक समिति संस्थागत सुशासनमा कटिबद्ध रहेको ब्यहोरा म यो सम्मानित सभामा राख्न चाहन्छु ।
- यहाँहरुले भने जस्तै working together and grow together को सिद्धान्त अवलम्बन गरेर सबैलाई साथ लिएर नै अगाडी बढ्नेछौं र प्रतिवेदनका वारेमा यहाँहरुबाट व्यक्त भएका सुझाव र सल्लाहलाई आत्मसात गर्दै यस्तै सकारात्मक सल्लाहको निरन्तरता अपेक्षा सहित धन्यवाद तथा आभार प्रकट गर्दछु ।

ख) **प्रमुख कार्यकारी अधिकृत श्री उध्दबराज थपलियाः**

- सर्वप्रथम यहाँहरुबाट प्राप्त भएका सकारात्मक सुझाव र सल्लाहका लागि हार्दिक आभार व्यक्त गर्दछु ।

Nepal Finance Limited
NEFINSCO
Corporate Office
Kathamndu
2049

- यहाँहरु सबै जनाबाट निष्क्रिय कर्जा घटाउन र कर्जा व्यवस्थापनको बारेमा जिज्ञासा राख्नु भएको छ । जसलाई मैले एकदमै सकारात्मक रुपमा लिएको छु । कर्जा खराब नहोस् भन्ने हेतुले संस्थाले साना साना कर्जा लगानीलाई प्रोत्साहन गर्ने गरेको जानकारी गराउन चाहन्छु ।
- यहाँहरुले भने जस्तै संचालन खर्चमा यस बर्ष बृद्धि भएको पक्कै नै हो, किनकी संस्थाले शाखा बिस्तारसंगै कर्मचारी संख्यामा समेत बृद्धि भएको साथै नयाँ कर्मचारी भर्ना गर्दा सुरुमा परिक्षणकालमा लिईने र ६ महिना पश्चात स्थाई गर्दै लैजाने संस्थाको नीति अनुरुप हाल धरै कर्मचारीहरु स्थाई सेवामा रहेकोले समेत संचालन खर्च र कर्मचारी खर्चमा गतबर्षभन्दा यो बर्ष अली बढी खर्च हुन गएको जानकारी गराउन चाहन्छु ।
- चुक्ता पूजीं पुरयाउनको लागि पहल गर्नुपर्‍यो अनी योजना के छ भन्नुभएको छ, सो का सम्बन्धमा हामीले धितोपत्र दर्ता तथा निष्काशन नियमावली र नेपाल राष्ट्र बैंकको नीतिगत व्यवस्था अनुसार लिलाम बिक्रीबाट बिक्री गर्नको लागि सार्वजनिक सूचना प्रकाशित गरिरहेको र हरेक पटक केही रकमको बिक्री समेत भईरहेको व्यहोरा जानकारी गराउन चाहन्छु । सो को अतिरिक्त शेयर सदस्यज्युहरुबाट हकप्रद शेयरको लागि calls in advance मा जम्मा गर्नुभएको रकमलाई प्रक्रिया पुर्‍याएर शेयरमा ट्रान्सफर गर्नको लागि समेत पहल भईरहेको र यहाँहरुबाट समेत चुक्ता पूजीं पुर्‍याउनको लागि अध्यक्षज्युले भन्नुभएको जस्तो सक्दो सहयोगको लागि समेत अनुरोध गर्दछु ।
- NBA र NPA लाई व्यवस्थापनको लागि नेपाल राष्ट्र बैंकको नीति अन्तर्गत रहेर संस्थाले हदैसम्मको लचकता अपनाएको र धेरैजसो NBA र NPA को व्यवस्थापन समेत गरिएको र बाँकी रहेको NBA व्यवस्थापनको लागि समेत प्रक्रिया अगाडी बढाईरहेको व्यहोरा जानकारी गराउँदछु साथै NPA को हकमा सम्मानित अदालतमा मुद्दाको क्रममा रहेको बाहेक अन्यको हकमा समेत आपसी समझदारीमा असुल उपर गर्नेगरी प्रक्रिया अगाडी बढाईरहेको जानकारी गराउन चाहन्छु । समग्रमा व्यवस्थापन पुरानो रोगलाई निर्मुलीकरण गरी नयाँ तरिकाबाट आफ्ना वित्तीय कारोबारलाई अगाडी बढाउने रणनीतिका साथ कार्य गरिरहेको समेत जानकारी गराउन चाहन्छु ।
- यहाँहरुले आगामी बर्ष मुनाफा वितरण गर्न सकोस भनी शुभेक्षा राख्नु भएकोमा व्यवस्थापनले सो का लागि प्रयास गरिरहेको म यहाँहरुलाई जानकारी गराउन चाहन्छु । तथापी संचित नोक्सानी रहेसम्म नाफा वितरण गर्न नसकिने र खराब कर्जा असुली नभएसम्म संचिति नोक्सानी हटाउन कठिनाई भएको जानकारी गराउन चाहन्छु र बाँकी रहेको खराब कर्जा मध्ये करिब १३ करोड कर्जा सम्मानित अदालतमा मुद्दाको क्रममा रहेकोले उक्त मुद्दाको फैसला भई कर्जा असुल उपरको कार्य सकिएको खण्डमा चालु आ. ब. भित्रै नै लाभांश वितरण गर्न सकिने समेत जानकारी गराउन चाहन्छु ।

Nepal Finance Limited NEFINSCO Corporate Office Kathamndu 2049

- अन्त्यमा, यहाँहरुले गर्नुभएको बिश्वास, व्यवस्थापनलाई दिनु भएको शुभेच्छा प्रति व्यवस्थापन प्रमुखको हैसियतले हार्दिक आभार व्यक्त गर्दै उक्त शुभेच्छालाई आत्मसात गर्दै आगामी दिनहरुमा संस्थाको दिगो विकासको लागि कार्य गर्दै जाने प्रतिबद्धता समेत व्यक्त गर्दछु । साथै यहाँहरुबाट सदैव साथ, सहयोग र सल्लाह सुझावको अपेक्षा समेत गर्दछु ।

शेयरधनी महानुभावहरुबाट छलफलको क्रममा राख्नु भएका जिज्ञासा, मन्तव्य तथा सुझावहरुको समाधान पश्चात् कम्पनी सचिवबाट प्रस्तावित प्रस्तावहरु क्रमशः पारित गरि निर्णय गर्नेतर्फ सबैको ध्यानाकर्षणको लागि अनुरोध भयो ।

**१२. ३१ औं बार्षिक साधारण सभाका निर्णयहरु**

**क) साधारण प्रस्तावहरु :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने समग्र वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

- सभापति ज्यूले स्वीकृतिको लागि सभा समक्ष प्रस्तुत गर्नु भएको आ. ब. २०७९/०८० को संचालक समितिको बार्षिक प्रतिवेदन सभाले सर्वसम्मतिबाट स्वीकृत गर्ने निर्णय गरियो ।

२. लेखापरिक्षण प्रतिवेदन सहितको आ.ब. २०७९/०८० को वासलात २०७९/०४/०१ देखि २०८०/०३/३१ सम्मको नाफा-नोक्सान हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरण (संलग्न अनुसूचीहरु सहित) को छलफल गरी पारित गर्ने ।

- लेखापरिक्षण प्रतिवेदन सहितको आ.ब.२०७९/०८० को वासलात, २०७९/०४/०१ देखि २०८०/०३/३१ सम्मको नाफा-नोक्सान हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरण ( संलग्न अनुसूचीहरु सहित) स्वीकृत गरियोस् भनी सभापति ज्यूले सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा उल्लेखित सम्पूर्ण वित्तीय विवरणहरु सर्वसम्मतिबाट स्वीकृत गर्ने निर्णय गरियो ।

३. कम्पनी ऐन, २०६३ को दफा १११ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ अनुसार आ.व. २०८०/०८१ को लेखापरिक्षण गर्न लेखापरिक्षण समितिको सिफारिस अनुसार लेखापरिक्षकको नियुक्ति गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने । (वर्तमान लेखापरिक्षक एस.ए.आर. एसोसिएट्स, चार्टर्ड एकाउन्टेन्ट्स पुनः नियुक्त हुन योग्य हुनुहुन्छ ।)

- आ.व. २०८०/०८१ को लागि बाह्य लेखापरिक्षकको नियुक्तिका बिषयमा छलफल हुँदा कम्पनी ऐन, २०६३ को दफा १६५ को खण्ड (घ) को प्रावधान बमोजिम समितिले "कम्पनीको लेखापरिक्षकको नियुक्तिका लागि संभावित लेखापरिक्षकहरुको नाम सिफारिस गर्ने र निजको पारिश्रमिक तथा नियुक्तिका शर्तहरु निर्धारण गरि अनुमोदनको लागि साधारण सभामा पेश गर्ने" भनि उल्लेख भए बमोजिम संस्थाको लेखापरिक्षक समितिको सिफारिस अनुसार संचालक समितिको मिति २०८०/०८/२८ को बैठक नं. ३७८ बाट सिफारिस भई आए बमोजिम आ.व.

Nepal Finance Limited NEFINSCO Corporate Office Kathamndu 2049

२०८०/०८१ को लेखापरिक्षण गर्न लेखापरिक्षक श्री एस.ए.आर. चार्टड एकाउन्टेन्ट्स (साझेदार सिए श्री ईशा श्रेष्ठ) लाई देहाय बमोजिमका कार्यहरु गर्ने गरी कर बाहेक बार्षिक रु.३,००,०००।०० (अक्षरुपी तीन लाख मात्र) पारिश्रमिक प्रदान गर्नेगरी संस्थाको बाह्य लेखापरिक्षक नियुक्ति गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

क) Statutory Audit

ख) Long Form Audit Report

ग) Tax Audit

घ) Certification Under Section 78 of Company Act 2063

ङ) Certification of Corporate Governance Annual Report

**(ख) विशेष प्रस्तावहरु :**

१. संस्थाले अन्य कुनै उपयुक्त बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (Merger) तथा संस्थाले अन्य कुनै उपयुक्त संस्थालाई प्राप्ति (Acquisition) गर्ने सम्बन्धमा संस्थाको चल-अचल सम्पत्ति र दायित्व तथा कारोबारको मुल्याङ्कन (Due Diligence Audit-DDA) गर्न मान्यता प्राप्त मुल्याङ्कनकर्ता नियुक्त गरी निजको पारिश्रमिक तोक्ने तथा संस्था गाभ्ने/गाभिने तथा एक्विजिशन गर्ने समझदारीपत्र (Memorandum of Understanding) तर्जुमा गर्ने, हस्ताक्षर गर्ने, अन्तिम सम्झौता तयार पार्ने, हस्ताक्षर गर्ने लगाएतका गाभ्ने/गाभिने तथा एक्विजिशन गर्ने सम्बन्धी आवश्यक सम्पूर्ण प्रक्रिया पुरा गर्न संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने सम्बन्धी विशेष प्रस्ताव पारित गर्ने ।

- नेपाल फाईनान्स लिमिटेडले अन्य कुनै उपयुक्त बैंक तथा वित्तीय संस्थासंग गाभ्ने/गाभिने तथा संस्थाले अन्य कुनै उपयुक्त संस्थालाइ प्राप्ति गर्ने प्रक्रिया अगाडी बढाउनका लागि संस्थाको चल- अचल सम्पत्ति र दायित्व तथा कारोबारको मुल्याङ्कन (Due Diligence Audit–DDA) गर्न मान्यता प्राप्त मुल्याङ्कनकर्ता नियुक्त गरी निजको पारिश्रमिक तोक्ने तथा संस्था गाभ्ने/गाभिने तथा एक्विजिशन गर्ने समझदारीपत्र (Memorandum of Understanding) तर्जुमा गर्ने, हस्ताक्षर गर्ने, अन्तिम सम्झौता तयार पार्ने, हस्ताक्षर गर्ने लगाएतका गाभ्ने/गाभिने तथा एक्विजिशन गर्ने सम्बन्धी आवश्यक सम्पूर्ण प्रक्रिया पुरा गर्न संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

**ग. विविध ।**

विविध अर्न्तगत छलफल गर्नुपर्ने अन्य बिषय नभएकोले बार्षिक साधारण सभाको निर्णय पुस्तिकामा कम्पनी ऐन, २०६३ मा व्यवस्था भए बमोजिम अध्यक्ष तथा कम्पनी सचिवले प्रमाणित गर्ने र बुझाउनुपर्ने निकायहरुमा कम्पनी सचिवले प्रमाणित गरी प्रतिलिपि बुझाउने ब्यहोरा सभालाई जानकारी गराईयो ।

Nepal Finance Limited
NEFINSCO
Corporate Office
Kathamndu
2049

१३. **धन्यवाद ज्ञापन तथा सभा विसर्जन**

छलफल तथा निर्णयको क्रम समाप्त भएपछि साधारण सभाका सभापति एवं वित्तीय संस्थाको संचालक समितिका अध्यक्ष प्रा.श्री हिरेन्द्रमान प्रधान ज्यूले सभामा सहभागी हुनुभई आफ्नो अमूल्य राय, सल्लाह, सुझाव सहितको मन्तव्य व्यक्त गर्नु भई सभालाई सौहार्द्रपूर्ण वातावरणमा सम्पन्न गरिदिनु भएकोमा उपस्थित शेयरधनी महानुभावहरु, संस्थाको प्रगतिको लागि सहयोग, सद्भाव, अमूल्य सुझाव दिनुहुने सम्पूर्ण महानुभावहरु, अतिथिहरु, पत्रकार बन्धुहरु, संस्थालाई सधैं सहयोग पुऱ्याउनु हुने नियमनकारी निकायहरु नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज सिडियस एण्ड क्लियरिङ्ग लिमिटेड लगायत अन्य नियमनकरी निकायहरु तथा आदरणीय ग्राहकवर्ग तथा समस्त सरोकारवालाहरु प्रति हार्दिक कृतज्ञता सहित धन्यवाद व्यक्त गर्दै संस्थाको व्यवस्थापन तथा सम्पूर्ण लगनशिल कर्मचारीवर्गलाई समेत हार्दिक धन्यवाद ज्ञापन गर्नुभयो । साथै सभा सफलतापूर्वक सम्पन्न भएकोमा उपस्थित शेयरधनीहरु लगाएत सम्पूर्ण महानुभावहरुलाई पुनःधन्यवाद ज्ञापन गर्दै दिउसो १२:४५ बजे सभा विसर्जन गर्नुभयो ।

| ........................ | Nepal Finance Limited<br>NEFINSCO<br>Corporate Office<br>Kathamndu<br>2049 | ........................ |
|---|---|---|
| बिष्णु प्रसाद गौतम<br>कम्पनी सचिव | | प्रा.श्री हिरेन्द्रमान प्रधान<br>अध्यक्ष |